**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

१. पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अन्तर्गत आगामी 27 दिसम्बरदेखि दाबी एवं आपत्तिहरूको सुनवाई शुरु हुने भएको छ।

२. पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले भाजपाका विधायकहरूलाई नयाँ वर्षदेखि आ-आफ्नो विधानसभा क्षेत्रमा पूर्ण रूपले ध्यानकेन्द्रित गर्ने निर्देश दिनु भएको छ।

३. गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन जीटिएले पश्चिम बंगालको दार्जिलिङ पहाडका ३१३ शिक्षकहरूको रोजगारी समाप्तिलाई चुनौती दिँदै कलकत्ता उच्च अदालतमा निवेदन दिएको छ।

४. बंगलादेशमा भएको दिपुचन्द्र दासको हत्याको घटनाको विरोधमा इण्डो-बंगलादेश सीमामा हिजो बंगीय हिन्दू जागरण मञ्चद्वारा व्यापक प्रदर्शन गरेको छ।

५. दार्जीलिंग पहाड र तराई क्षेत्रमा क्रिसमसको लागि चर्चहरु सजिएको छ|

**एसआईआर पश्चिम बंगाल**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण एसआईआर अन्तर्गत दाबी एवं आपत्तिहरूको सुनवाईको सिलसिलामा निर्वाचन आयोगले ठूलो लक्ष्य तय गरेको छ। आगामी 27 दिसम्बरदेखि प्रत्येक निर्वाचन पञ्जीकरण अधिकारीले प्रतिदिन 150 मामिलाको सुनवाई गर्नुपर्नेछ। यो लक्ष्य यसकारणले राखिएको हो ताकि तय समय-सीमाभित्रमा सम्पूर्ण प्रक्रिया पूरा गरेर अन्तिम मतदाता सूची जारी गर्न सकियोस्| मुख्य निर्वाचन अधिकारी कार्यालयको सूत्र अनुसार विशेष गहन पुनरीक्षणको दोस्रो एवं तेस्रो चरणको कार्यक्रमलाई ध्यानमा राख्दै यो दैनिक लक्ष्य तय गरिएको हो। आयोगको उद्देश्य सुनवाई प्रक्रियालाई समयमै पूरा गर्ने अनि आगामी 14 फरवरी,2026 सम्ममा अन्तिम सूची प्रकाशित गर्नमा कुनै विलम्ब हुन नदिने रहेको छ। सूत्र अनुसार शुरूआतमा प्रतिदिन 100 मामिलाको सुनवाई गर्ने लक्ष्य तय गर्नेमाथि विचार गरिएको थियो। तर पछि यसलाई बढ़ाएर 150 बनाइयो ताकि सुनवाईपछि लिइएको फसेलाको समीक्षाको लागि पर्याप्त समय बचोस् अनि अन्तिम सूची जारी गर्नअगावै सबै मामिलाहरूको सही ढंगमा जाँच हुन सकोस्|
सुनवाईको प्रत्येक टेबलमा एकजना निर्वाचन पञ्जीकरण अधिकारी, एक सहायक निर्वाचन पञ्जीकरण अधिकारी र एकजना माइक्रो पर्यवेक्षक तैनाथ रहनेछन्| यी माइक्रो पर्यवेक्षकहरूको नियुक्ति भारत निर्वाचन आयोगद्वारा गरिएको हो जसको काम पूर्ण सुनवाई प्रक्रियामाथि नजर राख्नु हुनेछ। यी माइक्रो पर्यवेक्षकहरूमा केन्द्र सरकारका कर्मचारी, केन्द्रिय सार्वजनिक क्षेत्रका उपक्रम वा सार्वजनिक ब्यांकहरूको समूह बी श्रेणीका अधिकारीहरू सामेल हुनेछन् जो वर्तमानमा पश्चिम बंगालमै तैनाथ छन्| सुनवाईको लागि नोटिस पठाउने प्रक्रिया सोमवारदेखि शुरू भइसकेको छ। बूथ स्तर अधिकारीहरूले सम्बन्धित मतदाताहरूको घरमा गएर दुईवटाप्रति दिनेछन्| एउटाप्रति मतदाताले राख्नुपर्नेछ अनि अर्कोप्रति हस्ताक्षर गरेर बूथ स्तरका अधिकारीहरूलाई फर्काउनु पर्नेछ। सुनवाई दुई चरणमा हुनेछ। पहिलो चरणमा ती अनम्याप्ड मतदाताहरूलाई बोलाइनेछ जसको 2002 सालको मतदाता सूचीसित न

त स्वयंको न वंश मानचित्रको माध्यमबाट कुनै सम्बन्ध पाइएको छ। दोस्रो चरणमा ती मामिलाहरूको सुनवाई हुनेछ जसमा वंश मानचित्रण अवधि संदिग्ध पारिवारिक विवरण सामु आएको छ।

**नेता प्रतिपक्ष शुभेन्दु अधिकारी**

पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले भारतीय जनता पार्टी (भाजपा)-का विधायकहरूलाई नयाँ वर्षदेखि आ-आफ्नो विधानसभा क्षेत्रमा पूर्ण रूपले ध्यानकेन्द्रित गर्ने निर्देश दिनु भएको छ। उहाँले स्पष्ट रूपमा भन्नु बएको छ, अनावश्यक रूपमा कोलकातामा समय व्यतित गर्नदेखि बचुन् तथा क्षेत्रसित जोड़िएर काम गरून्। पार्टी सूत्र अनुसार शुभेन्दु अधिकारीले यो पनि निर्देश दिनु भएको छ, यदि जिल्लाहरूबाट कुनै विधायकलाई सरकारी वा संगठनात्मक काम लिएर कोलकाता आउन परे उहाँले बिहान कोलकाता आइपुगेर साँझसम्ममा काम सिद्धाएर फर्किनुपर्छ। उहाँको मान्यता छ, विधायकहरूको प्राथमिक जिम्मेवाारी भनेको आफ्नो क्षेत्रका मानिसहरूमाझ बसेर उनीहरूको समस्यालाई बुझ्नु अनि समाधान गर्नु हो। हिजो श्री शुभेन्दु अधिकारी विधानसभा परिसरमा पुग्नु भयो अनि त्यहाँ उपस्थित पार्टी विधायकहरूसित बातचित गर्नु भयो। यस अवधि उहाँले दुई शब्दमा भन्नु भयो, कोलकातामा अनावश्यक उपस्थितिको सट्टा विधायकहरू आ-आफ्नो क्षेत्रमा सक्रिय हुनुपर्छ। उहाँले जनवरीमा प्रस्तावित शीतकालीन सत्र एवं फरवरी महिनामा हुने अन्तरिम बजेट सत्रमा अप्नाइने कार्यप्रणालीलाई लिएर पनि दिशा-निर्देश दिनु भएको छ। श्री अधिकारीले भन्नु भयो, जुन विधानसभा क्षेत्रबाट दिनहुँ कोलकाता आउन-जान सम्भव हुन्छ, त्यहाँका विधायकहरू बिहान विधानसभा सत्रमा सामेल भएर त्यै साँझ आफ्नो क्षेत्रमा फर्किउन्। ती विधायकहरूलाई मात्र छुट दिइनेछ जसको क्षेत्र कोलकाताभन्दा धेरै टाड़ा छ विशेष गरी उत्तर बंगालका क्षेत्रहरू, जहाँबाट दिनहुँ आउनु-जानु सम्भव छैन।

**३१३ शिक्षकहरूको रोजगारी समाप्तिलाई चुनौती**

गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन जीटिएले पश्चिम बंगालको दार्जिलिङ पहाडमा रहेका आफ्ना विद्यालयहरूबाट ३१३ शिक्षकहरूको रोजगारी समाप्तिलाई चुनौती दिँदै कलकत्ता उच्च अदालतमा निवेदन दिएको छ। जीटिएले हिजो उच्च अदालतको डिभिजन बेन्चमा याचिका दायर गरेको छ।

उच्च अदालतको जलपाईगुडी सर्किट बेन्चमा न्यायाधीश तपब्रत चक्रवर्ती र न्यायाधीश विश्वरूप चौधरीको डिभिजन बेन्चमा यो मुद्दाको सुनुवाइ हुनेछ। यद्यपि, सुनुवाइको पहिलो मिति अझै तय भएको छैन। उल्लेखनीय छ, १७ दिसम्बरमा कलकत्ता उच्च अदालतको एकल बेन्चका न्यायाधीश विश्वजित बसुले जीटिएद्वारा सञ्चालित विद्यालयहरूमा नियुक्त ३१३ शिक्षकहरूको रोजगारी समाप्ति गर्ने आदेश दिनु भएको थियो। अदालतले यी सबै नियुक्तिहरू गैरकानूनी रूपमा गरिएको फैसला सुनायो। पश्चिम बंगाल पुलिसको आपराधिक अनुसन्धान विभागलाई पनि अनुसन्धान जारी राख्न निर्देशन दिइएको थियो।

न्यायाधीश श्री बसुले ३१३ शिक्षकहरूको तलब तुरुन्तै प्रभावले रोक्न आदेश दिनु भएको थियो। अदालतले यी शिक्षकहरूको शैक्षिक योग्यतामाथि पनि गम्भीर प्रश्न उठाएको छ।

सुरुमा जीटिएले यस मुद्दामा राज्य शिक्षा विभागलाई संलग्न गराउने प्रयास गरेको थियो, तर विभागले यसबाट आफूलाई अलग राखेको थियो। शिक्षा विभागले जीटिए एक स्वायत्त निकाय हो र राज्य सरकारी विद्यालयहरूमा शिक्षकहरूको नियुक्तिलाई नियन्त्रण गर्ने सामान्य नियमहरूको अधीनमा हुनु आवश्यक छैन भन्ने तर्क गरेको थियो। त्यसकारण, राज्य सरकार वा शिक्षा विभागलाई यस याचिकामा पक्ष बनाउनाले कानुनी जटिलताहरू सिर्जना हुन सक्छ। अब, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले उच्च अदालतको आदेशलाई आफैंले चुनौती दिने निर्णय गरेको छ। यस विषयमा थप सुनुवाइहरूले पहाडी क्षेत्रहरूमा शिक्षा प्रणाली र सयौं शिक्षकहरूको भविष्यको बारेमा स्पष्टता प्रदान गर्ने अपेक्षा गरिएको छ।

**इण्डो-बंगलादेश सीमामा प्रदर्शन**

हालैमा बंगलादेशमा भएको दिपुचन्द्र दासको नृशंस हत्याको घटनालाई लिएर सारा देशमा आक्रोश व्याप्त भएको छ। यसै घटनाको विरोधमा इण्डो-बंगलादेश सीमामा हिजो बंगीय हिन्दू जागरण मञ्चद्वारा व्यापक प्रदर्शन गरियो। प्रदर्शन अवधि पहिला एउटा विशाल र्‍याली निकालियो, त्यसपछि यूनिसको पुतलामा जुत्ताको माला लगाएर पुतला दहन गरी विरोध व्यक्त गरियो। महिपालजोत गाउँदेखि फाँसीदेवा बजारसम्म लगभग 5 किलोमीटरको दूरीसम्म यो धिक्कार र्‍याली निकालियो। यस र्‍यालीमा ठूलो

संख्यामा सनातनी समाजका मानिसहरू उपस्थित थिए। बंगीय हिन्दू मञ्चका सदस्य हिरन्मय गोस्वामीले भने, भविष्यमा पनि यस किसिमको अत्याचारविरूद्ध मौन बस्नेछैनौं। लगातार विरोध प्रदर्शन जारी रहनेछ।

## दुई बांग्लादेशी पक्राउ

बांग्लादेशमा जारी अशान्तिबीच कामको खोजमा भारतमा अवैध रूपमा छिरेका दुई बांग्लादेशी युवतीहरूलाई पुलिसले पक्राउ गरेको छ। पक्रा परेका युवतीहरूमा एक बांग्लादेशको मयमनसिंह जिल्लाकी निवासी हुन् जबकि दोस्रो फरीदपुर जिल्लाको निवासी बताइएकी छन्। यस मामिलामा एक दलाल फरार बताइएको छ। पुलिस सूत्रहरू अनुसार, एक भारतीय दलालको सहयोगमा दुई महिला रातको अँध्यारोमा बेरुबारी सीमा हुँदै भारत प्रवेश गरे। हिजो बिहान सबेरै प्राप्त सूचनाको आधारमा कोतवाली थानाको पुलिसले पाकड़ी क्षेत्रबाट दुई बंगलादेशी महिलालाई पक्राउ गरेको थियो। पुलिसले फरार दलालको खोजी गर्न छापा मार्न शुरु गरेको छ। कोतवाली थानाको पुलिस अग्रिम कारबाहीमा जुटेको छ।

## स्ट्रिट लाइट लगाउने कार्य शुरु

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत तीनको बुथ नम्बर 257 मा 'हाम्रो गाउँ हाम्रो समाधान' मार्फत स्ट्रिट लाइट लगाउने कार्य शुरु भएको छ। राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले घोषणा गर्नु भएको हाम्रो गाउँ हाम्रो समाधानमार्फत् प्रत्येक बुथमा 10 लाख बराबरको विभिन्न विकासमूलक कार्यहरु भइरहेको छ। यसै अन्तर्गत घैयाबारी ग्राम पञ्चायत तीनको बुथ नम्बर 257 को लोवर गैरी गाउँ र उदय संघ गाउँमा स्ट्रिट लाइट लगाउने कार्य शुरु गरिएको छ। उक्त कार्य घैयाबारी ग्राम पञ्चायत तीनकी पञ्चायत प्रधान सुष्मा वाईबा, उप प्रधान केवल राई, 257 बुथका सभापति नरेन राई लगायत अन्यहरुका उपस्थितिमा शुरू गरियो। भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा तीनधारे महानदी समष्टिका प्रवक्ता बिपन विश्वकर्म, 257 बुथका सभापति नरेन राई र घैयाबारी ग्राम पञ्चायत तीनकी पञ्चायत प्रधान सुष्मा वाईबाले हाम्रो गाउँ हाम्रो समाधान अन्तर्गत घैयाबारी ग्राम पञ्चायत तीनको लोवर गैरी गाउँ र उदय संघमा स्ट्रिट लाइट लगाउने कार्य शुरु गरिएको बताए। उहाँहरूले मुख्यमन्त्री ब्यानर्जी, जीटीए प्रमुख अनित थापा र घैयाबारी ग्राम पञ्चायत तीनप्रति गाउँलेहरुको पक्षबाट आभार प्रकट गरेका छन्।

## रञ्जुभेल्ली जुनियर हाई स्कूलको वार्षिक कार्यक्रम

रञ्जुभेल्ली जुनियर हाई स्कूलको वार्षिक कार्यक्रम आज मङपूस्थित रवीन्द्र भवनमा सम्पन्न भयो। अभिभावक विभूषण तामाङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जीटीए लाब्दा–मङपू समष्टिका कार्यकारिणी सभासद रतन थापा प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। विद्यालयका प्रधानाध्यापक शरण गुरुङको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालयका नानीहरूले कविता वाचन, गीत तथा नृत्य जस्ता विविध सांस्कृतिक प्रस्तुतिहरू दिएका थिए। कार्यक्रममा मङ्पू वरपरका विद्यालयका प्राचार्यहरू, शिक्षक–शिक्षिकागण तथा विद्यार्थीवर्गको उल्लेखनीय उपस्थिति रहेको थियो। सिटोङका समाजसेवक बिक्रम राईले आगामी वर्ष यसै विद्यालयमा अध्ययनरत निमुखा परिवारका चारजना नानीहरुलाई छात्रवृत्ति प्रदान गर्नु हुने घोषणा गर्नु भएको छ।

## क्रिसमस

दार्जीलिंग पहाड र तराई क्षेत्रमा क्रिसमसको रमझम शुरु भएको छ| क्रिसमसको लागि विभिन्न स्थानहरुको चर्चहरु सजिएको छ| क्रिसमसको अवसरमा आज राति विभिन्न चर्चहरुमा प्रार्थना सभाहरु आयोजना गरिनेछ भने भोलि प्रभु येशुको जन्मदिनको अवसरमा इसाई समुदायका मानिसहरुले आफ्नो आफ्नो चर्चहरुमा प्रार्थना साथै सेवा गर्ने छन्| क्रिसमस्को अवसरमा हिजो सिलगढ़ी नगरनिगमको पहलमा सिलगढ़ी यूनाइटेड क्रिश्चियन फोरमको सहयोगमा क्रिसमसको अवसरमा एक भव्य रंगारंग ऱ्याली आयोजना गरियो।

यो ऱ्याली कञ्चनजङ्घा स्टेडियमदेखि शुरू भएर भेनस मोड़, सेवक मोड़ हुँदै एयरभ्यु मोड़मा पुगेर सम्पन्न भयो। ऱ्यालीमा सामेल मानिसहरूले सामाजिक सन्देश दिने पोस्टरहरू हातमा बोकेर गीतहरूको माध्यमबाट उत्सव अनि सौहार्दको सन्देश फैलाए। ऱ्यालीको समापन पश्चात एयरभ्यु मोड़मा सांस्कृतिक कार्यक्रम आयोजना गरियो जहाँ विभिन्न आयु वर्गका मानिसहरूले क्रिसमसका खुशीहरूको आनन्द उठाए।कार्यक्रममा मेयर गौतम देव, डिप्टी मेयर रञ्जन सरकार, नगर आयुक्त, बोरो

चेयरपर्सन, मेयर परिषदका सदस्य, नगरनिगमका अधिकारी एवं विभिन्न संगठनहरूका प्रतिनिधिगण उपस्थित थिए।

****** ० ******